लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
**सामाजिक विकास डिभिजन कार्यालय**
बिजुवार प्यूठान।

☎०८६-४६०१४३
✉sddopyuthan@gmail.com
**Website:**
**www.sddopyuthan.lumbini.gov.np**

प.सं.२०८०/०८१
च. नं.-२६

( कार्यालयको कोड नं ३५०००५५०१५)

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
बिजुवार, प्यूठान

मिति-२०८१/०५/२७
ने.स. ११४४ ञ्लाथ्व, ८ बुधवार

श्री सम्पुर्ण माध्यमिक विद्यालयहरु
प्युठान।

विषय: अन्तरविद्यालय स्तरीय खुला वक्तृत्वकला प्रतियोगिता सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा शिक्षा दिवस २०८१ को अवसरमा प्यूठान जिल्लाका माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका बिच **"समृद्ध लुम्बिनी प्रदेशको ईच्छा, गुणस्तरीय एवं रोजगारमुलक शिक्षा"** भन्ने शीर्षकमा अन्तरविद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता तपसिलको मिति, समय र स्थानमा आयोजना गरिएको हुँदा उक्त प्रतियोगितामा सहभागी हुन चाहने विद्यार्थीले मिति २०८१।०५।३१ गते कार्यालय समय भित्र सम्बन्धित विद्यालयको पत्रमार्फत आफ्नो नाम दर्ता गराउन सकिने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निर्धारित समयभित्र नाम दर्ता नगराएका विद्यार्थीहरुलाई प्रतियोगितामा सहभागी गराईने छैन।

प्रतियोगितामा सहभागिता जनाउनका लागि पालना गर्नुपर्ने नियमहरु:

१. प्रत्येक विद्यालयबाट १ जना मात्र सहभागी गराउन सकिने छ।
२. विद्यालयको पत्रमा विद्यार्थीको नाम, तह, रोल नं, सेक्सन लगायतका विवरण खुलेको हुनुपर्ने छ।
३. विद्यार्थी सहभागी गराउन चाहने विद्यालयले यस कार्यालयको इमेल ठेगाना **sddopyuthan@gmail.com** मा अनिवार्य रुपले पत्र पठाउनु पर्ने छ। आवश्यक जानकारीको लागि मो. नं ९८५७८६०१४३ मा सम्पर्क गर्न सकिनेछ।
४. प्रतियोगिताको विषयवस्तु र प्रस्तुतीकरण नेपाली भाषामा हुनुपर्नेछ।
५. प्रतियोगिताको प्रस्तुतीमा पाँच मिनेटमा जनाउ घन्टी बज्नेछ भने छ मिनेटभित्र आफ्ना भनाइहरु टुंग्याई सक्नुपर्नेछ।
६. सम्बोधन,विषयवस्तु, प्रस्तुति र निष्कर्षलाई मूल्याङ्कनको आधार बनाइने छ।
७. निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ।
८. प्रतियोगी विद्यार्थी विद्यालय पोशाक र परिचय पत्रसहित उपस्थित हुनुपर्ने छ।

नोट:- विजेताहरुलाई प्रथम, द्वितीय,तृतीय र सान्त्वना पुरस्कार क्रमश : रु ७०००,रु ५०००, रु ४००० र रु ३००० नगदका साथै प्रमाणपत्रको व्यवस्था गरिएको छ साथै पुरस्कार रकममा नियमानुसार करकट्टी हुनेछ । प्रतियोगी विद्यार्थीहरुलाई मात्र नियमानुसारको यातायात खर्चको व्यवस्था गरिएको छ।

तपसिल:
मिति : २०८१।०६।१ गते
समय: बिहान १०:०० बजे
स्थान: झिमरुक बहुमुखी क्याम्पसको सभाहल प्यूठान न.पा. ८ बागदुल्ला, प्युठान।

पुन्य प्रसाद न्यौपाने
नि.कार्यालय प्रमुख

**पुन्य प्रसाद न्यौपाने**
**नि. कार्यालय प्रमुख**